नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
(..................शाखा)

पत्र संख्या:-

त्रिपुरेश्वर

चलानी नम्बर:-

काठमाडौं, नेपाल ।

मिति :- २०७२।०८।०६

## रजिष्ट्रारको मन्तव्य

कम्पनी ऐन, २०६३ को दफा १६(२) मा " ऐन कार्यान्वयन तथा कम्पनीको प्रशासन सम्वन्धी कार्य प्रभावकारी वा व्यवस्थित रुपमा सम्पादन गर्नको लागि रजिष्ट्रारले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ" भन्ने उल्लेख भए अनुसार यही ६ मंसिर, २०७२ देखि लागु हुने गरी यो निर्देशिका कार्यान्वयनमा ल्याएको छु ।

कम्पनी ऐनको कार्यान्वयनको क्रममा पहिले जारी भएको कम्पनी निर्देशिका २०६५, मा समसामयीक सुधार गरी थप स्पष्ट गर्नु पर्ने बुँदाहरुलाई समेत समेटी यो निर्देशिका तयार गरेको छु । साथै निर्देशिकामा व्यवस्था गर्न आवश्यक देखिएका, ऐनमा उल्लेख नगरिएको र उल्लेख भएतापनि स्पष्ट नभएका बिषयहरुलाई समेटेर कम्पनी ऐनको कार्यान्वयनमा एकरुपता ल्याई थप स्पष्ट, पारदर्शी र प्रभावकारी बनाई कम्पनी प्रशासनलाई बढी व्यवहारिक बनाउन यो निर्देशिका कार्यान्वयनमा ल्याएको छु ।

यो निर्देशिका तर्जुमा गर्ने क्रममा गत २०७२।०४।१७ मा एक समिति गठन गरिएको र सो समितिले सरोकारवाला निकाय र संस्थाहरुसंग समेत छलफल अन्तर्क्रिया पछि प्राप्त राय सुझावहरुलाई समेत यथोचित सम्वोधन गरी निर्देशिका निर्माण गरिएको हुँदा यसले कम्पनी प्रशासन संचालनमा निकै सहजता पुऱ्याउनेछ भन्ने आशा गरेको छु ।

अन्त्यमा, यो निर्देशिका तर्जुमा गर्ने समितिमा रहेर योगदान पुऱ्याउने सवै उप-रजिष्ट्रारहरु र सहायक रजिष्ट्रारहरु एंव कानून व्यवसायी, कम्पनी सचिव तथा सरोकारवाला निकायका सवै सहभागीहरुप्रति धन्यवाद र आभार प्रकट गर्दै कम्पनी प्रशासनको सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

प्रेमकुमार श्रेष्ठ
रजिष्ट्रार

२०७२।०८।०६

फोन: ०१-४२५९९४८ (रजिष्ट्रार), ०१-४२६३०८९, ०१-४२६७२५६, ०१-४२१५०७७, ०१-४२६१८२१, ०१-४२५९९६१ (फ्याक्स)
E-mail:info@ocr.gov.np, URL/Website:www.ocr.gov.np